# सिएचआरका बारम्बार सोधिने प्रस्नहरु

**1. पिट्सबर्ग मानव सम्बन्ध आयोग (Pittsburgh Commission on Human Relations) के हो?**

पिट्सबर्ग मानव सम्बन्ध आयोग (PghCHR) एक स्वतन्त्र आयोग हो जसले नागरिक र मानव अधिकारका मुद्दाहरूको बारेमा पहुँच र शिक्षा प्रदान गर्दछ र पिट्सबर्ग शहर भित्र नागरिक अधिकार संरक्षण होस भनि सुनिश्चित गर्दछ।

**2. "मानव संसाधन" र "मानव सम्बन्ध" बीच के भिन्नता छ?**

"मानव संसाधन" भन्नाले कुनै पनि संस्थाको लागि काम गर्ने कर्मचारीहरू - रोजगारदाताको लागि काम गर्ने मानिसहरू भनेर बुझ्न सकिन्छ। धेरै संस्थाहरूले आफ्ना कर्मचारीहरूलाई संस्थाको लक्ष्य र उद्देश्यहरू पूरा गर्न आवश्यक "संसाधन" को रूपमा हेर्छन्। त्यसकारण संस्थाहरूले आफ्नो संगठनात्मक रूपरेखालाई "कर्मचारी" बाट "मानव संसाधन" मा परिवर्तन गरेका छन्।

"मानव सम्बन्ध" मानव अधिकारसँग मिल्दोजुल्दो शब्द हो, जसले विशेष गरी व्यावसायिक सेटिङमा व्यक्ति र समूहहरू बीचको सम्बन्धलाई जनाउँछ। राज्य वा स्थानीय सरकारको सन्दर्भमा, मानव सम्बन्ध विभागहरू निष्पक्ष व्यवहार र समान अवसर प्रवर्द्धन गर्नका साथै रोजगारी, आवास र सार्वजनिक आवासमा भेदभाव निषेध गर्ने कानूनहरू लागू गर्न जिम्मेवार छन्। पिट्सबर्ग मानव सम्बन्ध आयोग (Pittsburgh Commission on Human Relations) मानव संसाधन विभाग होइन र भेदभावका घटनाहरू संग सम्बन्धित कार्यहरू मात्र गर्दछ।

**3. भेदभाव भनेको के हो?**

भेदभावको, परिभाषा अनुसार जाने हो भने यसलाई, केहि विशेषताहरुको कारणले एक व्यक्ति वा समूहलाई अनुचित वा असमान व्यवहार गरिनु हो भनेर बुझ्न सकिन्छ। गैरकानूनी भेदभावले प्रायः एक समूहका सदस्यहरूलाई अरूलाई उपलब्ध हुने अवसरहरूबाट बन्चित वा प्रतिबन्धित गर्दछ। पिट्सबर्गमा, कानूनले निम्न विशेषताहरूमा आधारित रोजगारी, आवास, सार्वजनिक आवास र सार्वजनिक सेवाहरूमा हुने भेदभावबाट जोगाउँछ (जसलाई "संरक्षित वर्गहरू" पनि भनिन्छ):

- उमेर (रोजगारी)
- पुर्खा
- नागरिकता र अध्यागमन अवस्था (आवास र सार्वजनिक आवास)
- रङ
- पारिवारिक स्थिति (आवास)
- लैङ्गिक पहिचान वा अभिव्यक्ति

- कपालको शैली र सुरक्षात्मक र सांस्कृतिक कपालको बनावट र कपालको शैली
- अपाङ्गता वा असक्षमता
    - सर्भिस वा सपोर्ट जनावरको प्रतोग
- राष्ट्रिय मूल
- जन्म स्थान
- प्राथमिकताको भाषा (आवास र सार्वजनिक आवास)
- गर्भावस्था/गर्भवती व्यक्तिहरूको पार्टनर
- जाति
- धर्म
- लिङ्ग
- लैंगिक पहिचान
- घरेलु हिंसाबाट बच्ने व्यक्तिको रूपमा स्थिति (आवास)
- कपालको शैली र सुरक्षात्मक र सांस्कृतिक कपालको बनावट र कपालको शैली
- मेडिकल गाँजाका बिरामीहरू (रोजगार)

**4. म माथि भेदभाव भएको छ कि छैन भनेर कसरी थाहा पाउने?**

गैरकानूनी भेदभाव विरलै स्पष्ट रूपमा गरिएको हुन्छ र धेरै स्वरूपहरूमा आउँन सक्छ। यदि तपाईंलाई कहिल्यै भेदभावको अनुभव गर्नुभएको छ कि भन्ने जस्तो लाग्छ भने, हाम्रा कर्मचारीहरू तपाईंको अवस्थाबारे छलफल गर्न उपलब्ध छन्। हामीलाई कल गर्नुहोस्, वा 412-255-2600, वा हामीलाई इ-मेल पठाउनुहोस् human.relations@pittsburghpa.gov!

**5. म माथि भेदभाव भएको हुन सक्छ भन्ने लाग्छ भने मैले के गर्ने?**

यदि तपाइँलाई पिट्सबर्ग शहरमा आवास, रोजगारी, सार्वजनिक आवास वा शहरी सेवाहरूमा तपाइँ संरक्षित वर्को सदस्य भएको कारण भेदभाव गरिएको हुन सक्छ भन्ने लाग्छ भने, कृपया PghCHR लाई सम्पर्क गर्नुहोस्।

यदि आफु विरुद्ध भेदभाव भएकै हो भनेर निश्चित हुनुहुन्न भने पनि, कृपया हामीलाई सम्पर्क गर्नुहोस्। PghCHR प्रश्नहरूको जवाफ दिन र तपाईंलाई स्रोतहरू, भेदभाव र तपाईंको अधिकारहरूको बारेमा जानकारी दिन र गैरकानूनी भेदभावको गुनासो लिन उपलब्ध रहेको छ।

साथै, कृपया तपाईंले कुनै पनि नोटहरू, पत्रहरू, कागजातहरू, एसएमएसहरू, फोन रेकर्डहरू, नामहरू र सम्भावित साक्षीहरूको सम्पर्क विवरण, र तपाईंलाई थाहा भएको कुनै अन्य प्रमाणहरू सङ्कलन गरेर सुरक्षित राख्नुहोस्। भेदभाव भएको छ कि छैन भनेर निर्धारण गर्न, PghCHR अन्वेषकहरूले त्यो जानकारी माग्ने छन् र त्यसको समीक्षा गर्नेछन्।

**6. कसले PghCHR मा उजुरी दर्ता गर्न सक्छ?**

पिट्सबर्ग शहर भित्र आवास, रोजगारी, सार्वजनिक आवास, वा शहर सेवाहरूमा गैरकानूनी भेदभावबाट क्षति भएको दाबी गर्ने कुनै पनि व्यक्ति, समूह, वा संस्था(हरू) ले उजुरी दर्ता गर्न सक्छन्।

**7. यदि म पिट्सबर्ग शहरको बासिन्दा हैन भने मैले कहाँ उजुरी गर्ने?**

आवासीय भेदभाव उजुरीहरूयु.एस आवास र शहरी विकास विभाग (HUD) मा दायर गर्न सकिन्छ। तपाईँले उनीहरूको वेबसाइटमा थप जानकारी पाउनयहाँ क्लिकगर्न सक्नुहुन्छ वा 1-800-669-9777 वा 1-800-877-8339 मा कल गर्न सक्नुहुन्छ।

रोजगारी सम्बन्धित भेदभाव उजुरीहरू यु.एस समान रोजगार अवसर आयोग (EEOC)मा दायर गर्न सकिन्छ। तपाईंले तिनीहरूको वेबसाइटमा यहाँ क्लिक गरेर थप जानकारी पाउन सक्नुहुन्छ वा 1-800-669-4000, 1-800-669-6820 (TTY कान नसुन्ने/कम सुन्ने व्यक्तिका लागि मात्र), वा 1-844-234-5122 (एएसएल भिडियो फोन कान नसुन्ने/कम सुन्ने कलरहरूका लागि मात्र) मा कल गर्न सक्नुहुन्छ।

यदि कथित भेदभाव एलेघेनी काउन्टीमा भएको हो भने, तपाईंलेएलेघेनी काउन्टी मानव सम्बन्ध आयोग Allegheny County Human Relations Commissionलाई सम्पर्क गर्न सक्नुहुन्छ। तपाईँले उनीहरूको वेबसाइटमा थप जानकारी पाउनको लागि यहाँ क्लिक गर्न सक्नुहुन्छ वा (412) 350-6945 मा कल गर्न सक्नुहुन्छ।

यदि कथित भेदभाव पेन्सिलभेनियामा कतै भएको छ भने, तपाईंले पेन्सिलभेनिया राज्य मानव सम्बन्ध आयोग Pennsylvania State Human Relations Commissionलाई सम्पर्क गर्न सक्नुहुन्छ। तपाईँले यहाँ क्लिकगरेर उनीहरूको वेबसाइटमा थप जानकारी पाउन सक्नुहुन्छ वा (717) 787-4410 वा (717) 787-7279 (TTY प्रयोगकर्ता मात्र) मा कल गर्न सक्नुहुन्छ।

**8. PghCHR मा उजुरी दर्ता गर्न कति खर्च लाग्छ?**

PghCHR मा उजुरी दर्ता गर्न कुनै सुल्क लाग्दैन।

**9. PghCHR मा कति समय भित्रमा उजुरी दर्ता गर्न सकिन्छ?**

आफुलाई हानि वा अधिकारको उल्लङ्घन भएको मितिबाट एक वर्ष भित्र PghCHR मा उजुरी दर्ता गर्न सकिन्छ।

**10. के उजुरी फाइल गर्न वा जवाफ दिनको लागि वकिल चाहिन्छ?**

PghCHR मा उजुरी दर्ता गर्न वा जवाफ दिन तपाईंलाई वकिलको आवश्यकता पर्दैन। आफ्नो प्रतिनिधित्व गर्ने वकिल राख्ने निर्णय पूर्णतया तपाईंमा निर्भर रहेको छ। यदि तपाइँ वकिल राख्नुहुन्छ भने,

तपाइँको गोपनियताको रक्षा गर्न, हामीलाई तपाइँ वा वकिलले उसले तपाइको प्रतिनिधित्व गर्दछ भनेर प्रमाणित गर्ने केहि लिखित रूपमा पेश गर्नुपर्ने हुन्छ, जस्तै उपस्थितिको सूचना।

वकिल नभएको व्यक्तिले पनि तपाइको प्रतिनिधित्व गर्न सक्छन्। त्यस प्रकारको प्रतिनिधित्वको लागि, PghCHR सँग एउटा फारम छ जुन भर्नुपर्छ र फाइल गर्नुपर्छ। उजुरीकर्ताहरूको लागि यहाँ क्लिक गरेर वा प्रतिवादीहरूको लागियहाँ क्लिक गरेर यसलाई डाउनलोड गर्न सक्नुहुन्छ।

फेयर हाउसिङ ऐन (FHA) अन्तर्गत, *सम्भावित कारण पत्ता लगाएपछि,* आयोगले आवासीय भेदभावका घटनाहरूमा उजुरीकर्ताहरूलाई प्रतिनिधित्व प्रदान गर्दछ।

## 11. मैले उजुरी दर्ता गर्ने बारे PghCHR लाई सम्पर्क गर्दा के हुन्छ?

इन्टेक संयोजकले इन्टेक अपोइन्टमेन्ट सेट अप गर्न तपाईंसँग काम गर्ने प्रयास गर्नेछ। त्यो अपोइन्टमेन्टको समयमा, इन्टेक संयोजकले तपाईंलाई प्रश्नहरू सोध्नेछन् र PghCHR मा उजुरी दायर गर्न सकिन्छ कि सकिदैन भनेर निर्धारण गर्न प्रमाणहरू हेर्न सक्छन्। पूर्ण इन्टेक पछि, उजुरी दायर गरिनेछ, डकेट गरिने छ, र प्रतिवादीलाई सर्भ गरिनेछ।

"उजुरीकर्ता (Complainant)" भनेको उजुरी दर्ता गर्ने व्यक्ति हो। "प्रतिवादी (Respondent)" जसको बिरूद्ध उजुरी दायर गरिएको छ त्यो व्यक्ति हो।

## 12. मैले उजुरी गरेपछि के हुन्छ?

PghCHR कर्मचारी सदस्यले उजुरीको प्रतिलिपि प्रमाणित मेल मार्फत प्रतिवादीलाई पठाउनेछ। यदि यो आवासीय मामला हो भने, उजुरी प्राप्त भएको मितिबाट प्रतिवादीसँग PghCRH मा जवाफ र स्थिति विवरण (जसलाई "प्रतिक्रिया" भनिन्छ) फाइल गर्नको लागि 10 दिनको समय हुन्छ। रोजगारी, सार्वजनिक आवास, र शहरी सेवाका मुद्दाहरूमा, प्रतिवादीसँग प्रतिक्रिया फाइल गर्न 30 दिन हुन्छ। उत्तरदाताले पनि उजुरीकर्तालाई जवाफको प्रतिलिपि पठाउनुपर्छ। कहिलेकाहीँ पोजिसन स्टेटमेन्टहरूमा गोप्य जानकारीहरू समावेश हुन्छन् जुन प्रतिवादीसँग साझा गर्नु हुँदैन। PghCHR ले प्रतिक्रिया प्राप्त गरेपछि, केसको लागि एक अन्वेषकलाई नियुक्त गरिनेछ, र उजुरीकर्तालाई कामको बारेमा एउटा पत्र पठाइनेछ।

अन्वेषकले त्यसपछि उजुरी, प्रतिक्रिया, र पेश गरिएका अन्य कुनै कागजात वा प्रमाणहरूको समीक्षा गर्नेछ। त्यसपछि अन्वेषकले अन्तर्वार्ताको तालिका बनाउन र जानकारी माग्नको लागि पक्षहरू र साक्षीहरूसँग सम्पर्क गर्न सुरु गर्नेछ। अनुसन्धान गर्नका लागि, अनुसन्धानकर्ताहरूसँग साक्षी र पक्षहरूको अप-टु-डेट र सही नाम र सम्पर्क विवरण हुनु धेरै महत्त्वपूर्ण छ।

अन्वेषकले पक्षहरूलाई पनि सोध्नेछ कि यदि उनीहरू मुद्दाको मध्यस्थता/मिलापमा रुचि राख्छन्, जसको मतलब PghCHR को कसैसँग काम गरेर मुद्दाको समाधान गर्ने स्वैच्छिक सम्झौतामा पुग्न

प्रयास गर्नु हो। यदि दुबै पक्षले मध्यस्थता/मिलापमा रुचि राखे भने, अनुसन्धान रोकिन्छ। PghCHR को कसैले दुबै पक्षलाई सम्पर्क गर्छ र मध्यस्थता सेट अप गर्दछ। यदि PghCHR द्वारा सम्झौता र अनुमोदन भयो भने, सम्झौताका सर्तहरूको आधारमा मुद्दा बन्द हुनेछ। मध्यस्थता प्रक्रियामा थप विवरणहरूको लागि, हाम्रो मध्यस्थता प्रक्रियाहरू हेर्नुहोस्।

यदि कुनै मध्यस्थता वा सम्झौता भएन भने, त्यसपछि अनुसन्धान जारी राखिने छ। अन्वेषक वा पक्षहरूले तथ्य खोजी बैठकको लागि सोध्न सक्छन्। त्यो बैठक जम्मा गरिएका प्रमाणहरूको समीक्षा गर्ने र अहिलेसम्म शेर नगरिएका प्रमाणहरू साझा गर्ने अवसर हो। प्रमाणको समीक्षा गर्नुको अतिरिक्त, बैठक मुद्दामा उठाइएका कुनै पनि मुद्दा(हरू) लाई स्पष्ट पार्ने अवसर हो। यो बेलासम्म, मध्यस्थता अझै एक विकल्प हो।

**13. छानबिन भएपछि के हुन्छ ?**

एक पटक अन्वेषकले आफ्नो अनुसन्धान समाप्त गरेपछि, उनीहरूले भोटको लागि PghCHR को कम्प्लायन्स रिभ्यु सेक्सन(CRS) मा आफ्नो निष्कर्ष र सिफारिस प्रस्तुत गर्छन्। सिफारिसहरू सामान्यतया तीन परिणामहरू मध्ये एकको लागि हुन्छन्: 1) सेटलमेन्ट सम्झौता अनुमोदन गर्न; 2) भेदभाव भएको सम्भावित कारण* थियो भनेर पत्ता लगेको स्वीकार गर्न; वा 3) भेदभाव भएको सम्भावित कारणको अभाव** थियो भनेर पत्ता लगेको स्वीकार गर्न। CRS ले सिफारिस स्वीकार गर्न, फरक निष्कर्षमा पुग्न वा थप अनुसन्धानका लागि मुद्दा फिर्ता पठाउन सक्छ।

*"संभावित कारण" कानुनी मापदण्ड हो जसको अर्थ कानून, परिस्थिति र उपलब्ध प्रमाणहरूको आधारमा कसैले कानून तोडेको हुनसक्छ भन्ने निष्कर्षमा पुग्नको लागि उचित आधार हुन्छ। सम्भावित कारणको खोजीमा कसैले कानून तोडेको हो भन्ने पूर्ण निश्चितता खोज्न आवश्यक पर्दैन।

** "सम्भावित कारणको अभाव" को मूलतया अर्थ हो, कानून, परिस्थिति र उपलब्ध प्रमाणहरूको आधारमा, कसैले कानून तोडेको हुन सक्छ भन्ने निष्कर्षमा पुग्नको लागि उचित आधार छैन। सम्भावित कारणको अभावको अर्थ केही भएन भन्ने होइन। हानि धेरै स्वरूपहरूमा हुन सक्दछ र धेरै तरिकामा महसुस गरिन्छ, र कानूनले सधैं राहत प्रदान गर्न सक्दैन।

**14. CRS ले निर्णय गरेपछि के हुन्छ?**

PghCHRले परिणाम बारे दुबै पक्षहरूलाई सूचित गर्दछ।

सम्भावित कारण वा सम्भावित कारणको अभावमा समाप्त हुने मुद्दाहरूको लागि, सूचनाको 10 क्यालेन्डर दिन भित्र, कुनै पनि पक्षले पहिले नै विचार नगरिएको र निर्धारणलाई असर गर्न सक्ने नयाँ, सान्दर्भिक र भौतिक प्रमाणहरूको आधारमा पुनर्विचार गर्न अनुरोध गर्न सक्छ। कार्यकारी निर्देशकले सबै

पुनर्विचार अनुरोधहरूको समीक्षा र निर्णय गर्दछ। पुनर्विचार प्रदान गर्नुको अर्थ निर्णय परिवर्तन हुनेछ भन्ने होइन।

यदि 1) सम्भावित कारण पत्ता लगाउन नसकिने अवस्था छ, 2) पुनर्विचार अवधि समाप्त भएको छ, र 3) खोजीमा सम्भावित कारणको अभाव रह्यो भने, केस स्वतः बन्द हुनेछ।

यदि कुनै मुद्दा EEOC मा दोहोरो दायर गरिएको थियो र सम्भावित कारणको अभाव छ भने, उजुरीकर्ताले EEOC लाई फिलिडेल्फियामा रहेको EEOC को क्षेत्रीय कार्यालय PHLSTATEANDLOCAL@EEOC.gov मा इमेल गरेर सब्सट्यांन्सियल वेट रिभ्युको लागि अनुरोध गर्नसक्छ।

यदि सम्भावित कारण फेला परेको छ र पुनर्विचार अवधि समाप्त भएको छ भने, PghCHR ले अनिवार्य मेलमिलाप/मध्यस्थता बैठक तय गर्नेछ। दुबै पक्षहरू बैठकमा उपस्थित हुनुपर्दछ र उनीहरू सम्झौतामा पुग्न सक्छन् कि भनेर हेर्नुपर्छ, तर कसैलाई पनि सम्झौतामा हस्ताक्षर गर्न बाध्य पार्न सकिँदैन। यदि सम्झौता पुग्यो भने, त्यसपछि यो भोटको लागि CRS मा जान्छ। यदि CRS ले सम्झौता स्वीकृत गर्छ भने, सम्झौताका सर्तहरूको आधारमा मुद्दा बन्द हुनेछ। यदि त्यहाँ कुनै सहमति भएन भने, मुद्दा PghCHR को आयुक्तहरूको सार्वजनिक सुनुवाइ खण्डको अगाडि सार्वजनिक सुनुवाइमा जान सक्छ, वा, केही अवस्थामा, पक्षहरूले अदालत जाने निर्णय गर्न सक्छन्।

**15. सार्वजनिक सुनुवाई भनेको के हो?**

सार्वजनिक सुनुवाइ एउटा औपचारिक, न्यायिक प्रक्रिया हो जसमा उजुरीका सबै पक्षहरू उपस्थित हुन्छन्। सुनुवाई जनताका लागि खुला छ र अदालतको सुनुवाइ जस्तै सञ्चालन हुन्छ। सार्वजनिक सुनुवाइ खण्डका एक वा बढी आयुक्तहरूले सुनुवाइको अध्यक्षता गर्छन्। यदि पक्षहरूसँग वकिलहरू छन् भने, तिनीहरूले प्रतिनिधित्व गर्न सक्छन्। वकिल नभएका व्यक्तिहरूले पनि पक्षहरूको प्रतिनिधित्व गर्न सक्छन्। सुनुवाइमा, पक्षहरूले गवाही (सपथ लिएर), प्रमाणहरू प्रस्तुत गर्न, र कानुनी तर्कहरू गर्न सक्छन्। आफ्नो निर्णय गर्दा, अध्यक्ष आयुक्तहरूले ती सबै कुराहरू विचार गर्नेछन्।

यदि अध्यक्ष आयुक्तहरूले प्रतिवादीले कुनै गैरकानूनी भेदभावपूर्ण कार्य (हरू) गरेको फेला पारेमा, आयोगले कानुनी रूपमा बाध्यकारी र लागू गर्नै पर्ने आदेश जारी गर्दछ। आयोगसँग राहत प्रदान गर्ने फराकिलो अधिकार छ जसले परिस्थितिलाई समाधान गर्न मद्दत गर्दछ। आदेशमा भेदभावपूर्ण कार्य(हरू) लाई रोक्न प्रतिवादीलाई आवश्यक पर्ने जस्ता कुराहरू समावेश हुन सक्छन्; नागरिक अधिकार कानून संग अनुपालन; उजुरीकर्तालाई पैसा क्षतिपूर्ति तिराउने; वकिलको शुल्क तिराउने; नागरिक अधिकार तालिम लिन लगाउने; नीतिहरू पुन: लेख्न लगाउने; र/वा जरिवाना तिराउने। एलेघेनी काउन्टीको कोर्ट एफ कमन प्लीजमा आदेश लागू गर्न सकिन्छ र याचिकाको अपील गर्न सकिन्छ।

**16. आयोगले आदेश दिन सक्ने उपचारका केही विशिष्ट उदाहरणहरू के के हुन्?**

रोजगारीका मामिलाहरूमा, उजुरीकर्ताका लागि सम्भावित उपचारहरूमा नदिइएको ज्याला, बेनेफिटहरू, वा अवसरहरू र उचित वकिल शुल्कहरूको लागि प्रतिपूर्ति जस्ता कुराहरू समावेश हुन सक्छ। उजुरीकर्ताले कुनै पनि श्रम संगठनमा सदस्यताको पुनर्स्थापना वा पुन: स्थापना, पदोन्नति, वा खोजिएको स्थानमा स्थानान्तरणको लागि पनि योग्य हुन सक्छ।

आवास मामिलाहरूमा, सम्भावित उपचारहरूमा समान सर्तहरू, सर्तहरू, सुविधाहरू, सेवाहरू, र विशेषाधिकारहरूमा खोजिएको घर वा अपार्टमेन्टको उजुरीकर्तालाई खरिद, भाडा, वा पट्टा समावेश हुन सक्छ। प्रतिवादी उजुरीकर्ताले आफ्नो खल्तीबाट गरेको खर्चको प्रतिपूर्ति र उजुरीकर्ताको वकिलको शुल्कको लागि जिम्मेवार हुन सक्छ।

सार्वजनिक आवास मामिलाहरूमा, उजुरीकर्ताले प्रतिवादीको सेवा वा मनोरञ्जन स्थानका सुविधाहरू, सुविधाहरू, सेवाहरू, विशेषाधिकारहरू, उत्पादनहरू, वा सामानहरू प्राप्त गर्न सक्छन्। उजुरीकर्ताले प्रमाणित र उचित व्यक्तिगत खर्चको भुक्तानी पनि प्राप्त गर्न सक्छ।

मुद्दाको प्रकारलाई ध्यान नदिई, आयोगले प्रतिवादीले नागरिक अधिकार कानून र/वा गैर-भेदभावपूर्ण नीतिहरू अपनाउने तालिम प्राप्त गर्न पनि आवश्यक हुन सक्छ। आयोगले प्रतिवादीले आदेशको पालना गरेको र नागरिक अधिकार कानूनको उल्लङ्घन गरेको छैन भनी सुनिश्चित गर्नका लागि निश्चित समयसम्म प्रतिवादीको अनुगमन गर्न सक्छ।

**17. के म मेरो केस फाइलमा पहुँच पाउन सक्छु र, यदि सक्छु भने, कहिले र कसरी?**

आवास, रोजगारी र सार्वजनिक आवासमा भेदभाव सम्बन्धी अभिलेखहरू सामान्यतया कम्तिमा आठ वर्षको लागि राखिन्छन्। तर, सार्वजनिक सुनुवाइमा गएका मुद्दाहरू अनिश्चितकालका लागि राखिन्छन् ।

मुद्दा फाइलमा एका सबै अभिलेखहरू पक्षहरूसँग शेर गरिएका छैनन्। कतिपय अभिलेखहरू गोप्य राखिएका छन् र विभिन्न कानूनहरू अन्तर्गत सुरक्षित छन्।

यदि तपाईं आफ्नो केस फाइलबाट रेकर्डहरू अनुरोध गर्न चाहनुहुन्छ भने, कृपया आयोगलाई (412) 255-2600 मा वा human.relations@pittsburghpa.gov मा सम्पर्क गर्नुहोस् राइट टू नो अनुरोध फारम पनि भर्न सक्नुहुन्छ। पिट्सबर्गको राइट टू नो नीतिहरूको बारेमा थप जानकारीको लागि, कृपया यहाँ वेबसाइटमा जानुहोस्।

**18. मैले आयोगको नियम र नितीहरू कहाँ पाउन सक्छु?**

आयोगको नियम र नितीहरू (PghCHR Rules and Regulations) हेर्नको लागि यहाँ क्लिक गर्नुहोस्।

**19. मैले आयोगमा लागू हुने पिट्सबर्ग सिटी कोडको अंश कहाँ पाउन सक्छु?**

पिट्सबर्ग नगर कोडका धेरै खण्डहरू छन् जुन विशेषगरी निष्पक्ष अभ्याससँग सम्बन्धित छन्। यी खण्डहरू पढ्नको लागि,पिट्सबर्ग सिटी कोडको अनलाइन संस्करण Municode.com मा अवस्थित रहेको छ।

कोडको HTML संस्करण प्रयोग गर्ने सुझावहरू:

1. ecode.com वेबसाइटमा, पिट्सबर्ग, PA Code of Ordinances को लागि लिङ्कमा क्लिक गर्नुहोस्
2. दायाँ छेउमा रहेको नेभिगेसन बारमा, शीर्षक VI मा जानुअघि फोल्डर आइकनमा दुई पटक क्लिक गर्नुहोस्: आचरण।
3. अर्को, धारा V मा जानुअघि सानो फोल्डरमा दुई पटक क्लिक गर्नुहोस्: भेदभाव।
4. त्यसपछि, तपाईंले पढ्न चाहनुभएको अध्यायमा जानुअघि सानो फोल्डरमा दुई पटक क्लिक गर्नुहोस्।
5. अन्त्यमा, तपाईंले पढ्न चाहनुभएको अध्याय खण्डमा जानुअघि सानो पृष्ठ ग्राफिकमा दुई पटक क्लिक गर्नुहोस्।

**20. कमिस्नरहरूले के गर्छन्, र यदि म इच्छुक छु भने म कसरी बन्न सक्छु?**

थप विवरणको लागि यहाँ हाम्रो कमिस्नर पृष्ठमा जानुहोस्!